**आयोगबाट एकीकृत र संयुक्त परीक्षा प्रणाली अन्तर्गत हुने पदहरुका लिखित परीक्षा योजना संशोधन सम्बन्धी**

# प्रेस विज्ञप्ती

लोक सेवा आयोगबाट एकीकृत र संयुक्त परीक्षा प्रणाली अन्तर्गत परीक्षा सञ्चालन हुने राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरह, राजपत्र अनंकित प्रथम श्रेणी नायब सुब्बा वा सो सरह र राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो सरह (अप्राविधिक) पदहरुको विद्यमान पाठ्यक्रम र लिखित परीक्षा योजनामा आयोगले सामान्य परिमार्जन गरेको छ ।

विगतमा राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदका लागि मात्र प्रथम चरणको परीक्षा लिइ सो परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरु मात्र दोस्रो चरणको परीक्षामा सहभागी हुन पाउने व्यवस्था भएकोमा संशोधित पाठ्यक्रम र लिखित परीक्षा योजना अनुसार राजपत्र अनंकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह (अप्राविधिक) र राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह (अप्राविधिक) पदहरुमा पनि प्रथम चरणको परीक्षा लिने र सो परीक्षाको नतिजामा सफल हुने उम्मेदवारहरुमात्र दोस्रो चरणको परीक्षामा सहभागी हुन पाउने व्यवस्था गरिएको छ । संशोधित पाठ्यक्रम र लिखित परीक्षा योजना अनुसार शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदका लागि प्रथम चरणको परीक्षामा पूर्णाङ्क २०० उत्तीर्णाङ्क ५० प्रतिशत रहेकोमा अब उप्रान्त उक्त तिनवटै पदहरुको प्रथम चरणको परीक्षाको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ४० प्रतिशत कायम गरिएको छ । राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदमा प्रथम चरणको परीक्षाको उत्तीर्णाङ्क ५० प्रतिशत कायम गर्दा खुला एवं समावेशी समूहको लागि पर्याप्त उम्मेदवार छनौट नहुने अवस्था समेत आएकोले बढी उम्मेदवारहरु दोस्रो चरणको परीक्षामा छनौट र सम्मिलित हुन सकून् भन्ने अभिप्रायले उक्त सबै पदहरुको प्रथम चरणको परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत कायम गरिएको हो । उक्त पदहरुमा प्रथम चरणको परीक्षामा उम्मेदवारहरुले प्राप्त गरेको शतप्रतिशत अंक दोस्रो चरणको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा जोडिने व्यवस्था समेत गरिएको छ ।

नायब सुब्बा वा सो सरह र खरिदार वा सो सरहका अप्राविधिक पदहरुका लागि हाल कायम रहेका प्रथम पत्र (सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण) नै प्रथम चरणको परीक्षाको विषय कायम भएको छ । परीक्षामा सोधिने प्रश्नहरु विद्यमान पाठ्यक्रमको लिखित परीक्षा योजनामा उल्लेख भए अनुसार नै हुनेछन् ।

साथै आयोगबाट राजपत्र अनंकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह पदका लागि तृतीय पत्र ऐच्छिक विषय अन्तर्गत ९ विषय रहेकोमा पुनरावलोकन गरी ६ विषय कायम गरिएको छ । विज्ञानका तीनवटा विषय रसायनशास्त्र, भौतिकशास्त्र र जीवविज्ञानलाई एकीकृत गरी विज्ञान विषय कायम गरिएको छ भने व्यवस्थापन र लेखाशास्त्रलाई एकीकृत गरी व्यवस्थापन र लेखा एउटा विषय कायम गरी अन्य विषयहरु यथावत गरिएको छ ।

उपरोक्तानुसार लिखित परीक्षा योजनालाई आयोगको वेवसाइट www.psc.gov.np मा समेत अद्यावधिक गरिएको छ ।

प्रवक्ता
राजीव गौतम